बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, रामेछाप

(कार्यक्षेत्रः रामेछाप र दोलखा)

बागमती प्रदेश सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय कृषि विकास निर्देशनालय कृषि विकास कार्यालय, रामेछाप कार्यक्षेत्रः रामेछाप र दोलखा

मन्थली, रामेछाप

## कृषि विकास कार्यक्रममा सहभागीताको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

सूचना नं.-२/२०८२/०८३
(प्रथम पटक प्रकाशित मिति : २०८२/०८/११)

बागमती प्रदेश, कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत कृषि विकास कार्यालय, रामेछापको आ.व. २०८२/८३ को स्वीकृत वार्षिक तपसिल उल्लिखित कार्यक्रमहरु संचालनका लागि कार्यालयको कार्यक्षेत्र (रामेछाप र दोलखा जिल्ला) भित्रका गत आर्थिक वर्षमा मन्त्रालय वा निर्देशनालय वा यस कार्यालयबाट अनुदान प्राप्त नगरेका योग्य कृषक समूह, कृषि सहकारी, कृषि फर्म/कम्पनीबाट यो सूचना प्रकाशित मितिले २१ औं दिन (मिति २०८२/०९/०२ गते) कार्यालय समयभित्र देहाय बमोजिमका कागजात सहितको निवेदन कृषि विकास कार्यालय, मन्थली, रामेछाप वा कार्यालयको सेवा केन्द्र, चरिकोट, दोलखामा पेश गर्नुहुन आह्वान गरिन्छ। समूह/सहकारीको हकमा गत वर्ष अनुदान सहयोग प्राप्त गरेका बाहेक सोहि समूह सहकारीका अन्य कृषक चालु आर्थिक वर्षको अनुदान कार्यक्रममा सहभागी हुन सक्नेछन्। स्वीकृत कार्यक्रमहरु "एकीकृत कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि २०८२" बमोजिम संचालन हुनेछन्। कार्यालयको इमेल **applicationador@gmail.com** बाट समेत प्रस्ताव पेश गर्न सकिनेछ। रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराइन्छ।

तपसिल

| क्र. सं. | कार्यक्रमको नाम | लक्षित लाभग्राही | न्यूनतम मापदण्ड/क्लष्टर | प्रति साझेदार अधिकतम अनुदान रकम | कार्यक्रमको कूल बजेट (रु. लाखमा) |
|---|---|---|---|---|---|
| १ | साना सिंचाई निर्माण कार्यक्रम | कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म, जल उपभोक्ता समिति | कुलो निर्माण तथा मर्मत, पक्की पोखरी निर्माण, पाइप, थोपा सिंचाइ निर्माण, पानी तान्ने पम्प आदि। | रु. १.४ लाख वा कार्यालयबाट स्वीकृत लागत अनुमान बमोजिम | ५६ |
| २ | संरक्षित संरचनामा तरकारी खेती प्रवर्द्धन कार्यक्रम | कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म/कृषि कम्पनी | न्यूनतम क्षेत्रफल १८० वर्ग मिटर, प्राविधिक मापदण्ड अनुसूची -१० बमोजिम | कार्यालयबाट स्वीकृत लागत अनुमान बमोजिम | ४९ |
| ३ | व्यावसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम | कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म/कृषि कम्पनी | ०.५ हेक्टर (१० रोपनी) | रु. २ लाख प्रति हेक्टर | १४ |
| ४ | किवी प्रवर्द्धन कार्यक्रम | कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म/कृषि कम्पनी | १ हेक्टर (२० रोपनी) | रु. ४ लाख प्रति हेक्टर | ८.४ |
| ५ | मौरी प्रवर्द्धन कार्यक्रम | कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म/कृषि कम्पनी | ५० घार | रु. १० हजार प्रति घार (गोला सहित) | ३.५ |

प्रमोद प्रसाद दाहाल
कार्यालय प्रमुख

| | | | | | |
|---|---|---|---|---|---|
| ६ | मसलाबाली प्रवर्द्धन कार्यक्रम | कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म/कृषि कम्पनी | १ हेक्टर (२० रोपनी) | १ लाख पचास हजार प्रति हेक्टर | ७ |
| ७ | व्यावसायिक फलफूल खेती प्रवर्द्धन कार्यक्रम | कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म/कृषि कम्पनी | १ हेक्टर (२० रोपनी) | रु. २ लाख प्रति हेक्टर | ८.४ |
| ८ | आलु प्रवर्द्धन कार्यक्रम | कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म/कृषि कम्पनी | २ हेक्टर (४० रोपनी) | १ लाख पचास हजार प्रति हेक्टर | ३.५ |
| ९ | व्यावसायिक च्याउ खेती प्रवर्द्धन कार्यक्रम | कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म/कृषि कम्पनी | कन्ये च्याउ- १५०० र गोब्रेको लागि २०० के.जी., सिताकेको लागि २००० मुढा | रु. १.४० लाख प्रति साझेदार | २.८ |
| १० | खाद्यान्न बाली प्रवर्द्धन कार्यक्रम | कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म/कृषि कम्पनी | २ हेक्टर (४० रोपनी) | रु. १ लाख प्रति हेक्टर | ७ |
| ११ | रैथाने बाली प्रवर्द्धन कार्यक्रम | कृषक समूह, कृषि सहकारी, निजी कृषि फर्म/कृषि कम्पनी | १ हेक्टर (२० रोपनी) | रु. १ लाख प्रति हेक्टर | ३.५ |
| १२ | कृषि उद्यमशिलता विकास कार्यक्रम | कृषक/कृषि उद्यमी, निजी कृषि फर्म/कृषि कम्पनी | उद्यमशीलता प्रवर्द्धन हुने क्रियाकलाप मात्र | रु. २ लाख प्रति साझेदार | १४ |
| १३ | मागमा आधारित जीविकोपार्जन विशेष सहयोग कार्यक्रम | आर्थिक रुपले बिपन्न आदिवासी जनजाति, महिला, दलित, खस आर्य, कुमाल, चेपाङ, अपाङगता भएका व्यक्ति, एकल महिला, सहिद परिवार, पिछडिएका समुदायका कृषकहरु। | लक्षित वर्ग भएको व्यहोरा खुल्ने स्थानीय तहको सिफारिस पत्र | रु. १ लाख प्रति साझेदार | ७ |
| | जम्मा रु. | | | | १८४.१ |

पुनश्चः आवश्यकता र औचित्यका आधारमा प्रति साझेदार अधिकतम अनुदान रकम तय गरि उपलब्ध गराइनेछ।

प्रमोद प्रसाद दाहाल
कार्यालय प्रमुख

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यालय, रामेछाप

(कार्यक्षेत्रः रामेछाप र दोलखा)

मन्थली, रामेछाप

<u>निवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः</u>

१. अनुसूची-२ बमोजिमको आवेदन र नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
२. संस्था दर्ता, स्थायी लेखा नम्बर (PAN)/मूल्य अभिबृद्धि कर (VAT), गत आ.व.को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि साथै संस्था नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि,
३. समूह/सहकारी/निजी फार्मको प्रवन्ध पत्र वा नियमावली/उद्देश्य देखिने कागजातहरु,
४. संस्थाको हकमा कार्यक्रम माग गर्ने र अख्तियारीको निर्णयको प्रतिलिपि,
५. कार्यक्रम संचालन तथा संरचना निर्माण गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि, जग्गा भाडामा लिएको भए सूचनाको म्याद कायम रहेको अन्तिम मितिसम्म फलफूल तथा अन्य बहुवर्षीय बालीका लागि न्यूनतम १० बर्ष, स्थायी प्रकृतिका संरक्षित संरचना निर्माणका लागि न्यूनतम १० वर्ष अन्य स्थायी संरचना निर्माणका लागि न्यूनतम १५ वर्ष र एक बर्षीय बालीका लागि न्यूनतम ३ वर्ष बाँकी अवधी भएको करार सम्झौता पत्र,
६. अनुसूची-३ बमोजिमको प्रस्ताव पत्र,
७. अनुसूची-४ बमोजिमको प्रतिवद्धता पत्र,
८. अनुसूची-५ बमोजिमको प्रस्तावित स्थान खुल्ने नक्सा,
९. अनुसूची-१५ बमोजिमको स्व-घोषणा,
१०. समूह/सहकारीको लाभग्राही विवरण लगायत कार्यालयबाट माग भएको अन्य आवश्यक कागजात।

नोटः थप जानकारीको लागि कार्यालयको सूचना पाटी, वेबसाइट : https://ramechhap.ado.gov.np, फेसबुक पेज "कृषि विकास कार्यालय, रामेछाप वा कार्यालयको सम्पर्क नं. ९८६३०२३००८/०४८-५४०३०८/५४००६३ मा सम्पर्क गर्न सक्नुहुनेछ। एकिकृत कृषि विकास कार्यक्रम कार्यान्वन कार्यविधि, २०८२ कृषि विकास कार्यालय, रामेछापको Website तथा कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको वेबसाइट http://molmac.bagamati.gov.np/ बाट डाउनलोड गर्न सकिने छ।

प्रमोद प्रसाद दाहाल
कार्यालय प्रमुख

बागमती प्रदेश सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि विकास कार्यक्रम बारे थप अत्यावश्यक जानकारी

क) गत आर्थिक वर्ष कृषक समूह/सहकारीबाट अनुदान प्राप्त गरेका कृषकहरु बाहेक सोहि समूह/सहकारीका अन्य कृषकहरु कार्यक्रममा जोडिन संस्थाले प्रस्ताव पेश गर्दा अनिवार्य रुपमा कृषि तथा पशुपन्छी विकास मन्त्रालय वा कृषि विकास निर्देशानलय वा कृषि विकास कार्यालयबाट उक्त संस्थाबाट गत आर्थिक वर्ष अनुदान प्राप्त गरेका लाभग्राही सदस्यको विवरण र चालु आर्थिक वर्ष प्रस्तावित कृषकहरुको विवरण सम्बन्धित स्थानीय तहबाट **प्रमाणित** गराई प्रस्ताव साथ पेश गर्नुपर्नेछ।

ख) प्रस्तावकले चालु आ.व. मा मन्त्रालय तथा मातहतका निर्देशनालय/कार्यालय, स्थनीय तह वा संघिय सरकारबाट संचालित परियोजनाबाट सोहि कार्यक्रम/क्रियाकलापका लागि अनुदान प्राप्त नगरेको बेहोरा खुल्ने तोकिएको ढाँचामा **स्व-घोषणा** पेस गर्नुपर्नेछ, दोहोरो अनुदान लिएको पाइएमा सम्झौता रद्द गरी प्रचलित कानुन बमोजिम आवश्यक कारवाही प्रक्रिया अगाडी बढाईनेछ।

ग) क्लष्टरको न्यूनतम मापदण्ड पुग्ने जग्गाको लालपुर्जाको प्रतिलिपि अनिवार्य रुपमा प्रस्तावसाथ संलग्न गर्नुपर्नेछ।

घ) बाली प्रवर्द्धन कार्यक्रमको लागि एक निजि फर्मको जग्गा/क्षेत्रफल कम भएमा **बढीमा दुई निजि फर्मले** संयुक्त साझेदारीमा समेत प्रस्ताव पेश गर्न सक्नेछन्।

ङ) साना सिंचाई कार्यक्रममा प्रस्ताव पेश गर्ने प्रस्तावकसँग पक्कि पोखरी निर्माणको हकमा कम्तिमा **४*५*१.५** क्यूबिक मिटर (३० हजार लिटर) क्षमताको पोखरी निर्माण गर्न सकिने स्थल हुनुपर्नेछ साथै कुलो निर्माण/मर्मत मा प्रस्ताव गर्दा संस्थाको **कम्तिमा १५** जना कृषक लाभान्वित हुनुपर्नेछ।

च) प्रस्तावकहरुलाई सम्भव भए सम्म आवश्यक कुनै एक कार्यक्रममा मात्र प्रस्ताव पेश गर्न आह्वान गरिन्छ।

छ) इमेल **applicationador@gmail.com** मार्फत प्रस्ताव पेश गर्दा कुनै कागजात अपुग भई कार्यक्रममा छनोट हुन नसकेमा कार्यालय जवाफदेही हुने छैन। तसर्थ इमेल बाट प्रस्ताव पेश गर्दा **प्रस्ताव pdf फर्मेटमा** बनाई सम्पूर्ण कागजात भए नभएको यकिन प्रस्तावक स्वयमले गर्नुपर्नेछ।

ज) प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा **थप अर्को एक दिन** कार्यालय समय भित्र पेश गर्न सकिनेछ।

झ) प्रस्ताव पेश गर्न आवश्यक प्रस्ताव फारम, प्रतिवद्धता पत्र, स्वघोषणा, समूह/सहकारी लाभग्राही विवरण लगायतका सम्पूर्ण कागजातहरु कार्यालयको वेबसाइट https://ramechhap.ado.gov.np को फारम tab बाट प्राप्त गर्न सकिनेछ।

प्रमोद प्रसाद दाहाल
कार्यालय प्रमुख